
日本語 | नेपाली

# 外国人の子どもと保護者のための進路ガイダンス 2025

# विदेशी बालबालिका र अभिभावकको लागि क्यारियर मार्गदर्शन 2025

## 資料 / सामाग्री



**7 महिना 26 गते 2024 (शनिवार) 13：00 बाट 16：30 सम्म**

**नागोया अन्तर्राष्ट्रिय केन्द्र 5 तल्ला सभा कोठा**

主催：(公財)名古屋国際センター

आयोजक ： नागोया अन्तर्राष्ट्रिय केन्द्र

共 催 ：名古屋市 教 育 委員会


सह-आयोजक ：नागोया शहर शिक्षा बोर्ड

後 援 ：愛知県 教 育 委員会

सहयोग: आइची प्रान्त शिक्षा बोर्ड

※ यस कागजातमा समावेश जानकारीहरु जुलाई 2025 को स्वरूपमा रहेको छ।

本事業は、名古屋市の指定管理事業です





**Ⅰ जुनियर हाई स्कूल स्नातक पछिको क्यारियर बारे** 1

**Ⅱ जुनियर हाई स्कूल पास नभएकाको क्यारियर बारे** 10

**【सामाग्री 1】सार्वजनिक हाई स्कूल（पुरै समय）को A समूह र B समूह बारे** 11

**【सामाग्री 2】बिगत 5 वर्षको प्रवेश परीक्षाको प्रश्नावली हेर्न सकिन्छ** 11



## स्कूल बारे जानकारी


आइची केनरिचु नाखागावा सेइवा कोउतोउ गाक्कोउ 12
गाक्कोउ होउजीन देन्पा गाकुएन, नागोया कोउगाकुइन सेनमोन गाक्कौउ 13
नागोया गाकुएन नागोया ज्योउहोउ सेनमोन गाक्कोउ 14
आइची केनरिचु ज्योउहोकु चुबासा कोउतोउ गाक्कोउ 15
नागोया सी रीचु कोउग्योउ कोउतोउ गाक्कौ अंशकालिक पाठ्यक्रम 16
नागोया सी रीचु च्युओउ कोउतोउ गाक्कोउ अंशकालिक पाठ्यक्रम 17

# I जुनियर हाई स्कूल स्नातक पछिको क्यारियर बारे

## 1 जुनियर हाई स्कूल पछिको क्यारियर बारे

जुनियर हाई स्कूलबाट स्नातक गरे पछि काम गर्ने अथवा उच्च माध्यमिक तहका विद्यालय आदिमा अध्ययनको लागि जान सकिन्छ। प्राय, शैक्षिक क्षमता परीक्षा र अन्तर्वार्ता दिन पर्ने हुन्छ।




हाई स्कूलमा अध्ययन गरेर स्नातक गरेमा, काम गर्न सक्ने पेशाहरूको संख्या, प्रकारमा वृद्धि र अवसरहरु धेरै आउंछन्।

जुनियर हाई स्कूल पास नगरेमा हाई स्कूलमा अध्ययन गर्न मिल्दैन।

जुनियर हाई स्कूलमा भर्ना (नामांकन) नभएकाहरूका लागि पृष्ठ 10 हेर्नुहोस्। “II जुनियर हाई स्कूल पास नभएकाको क्यारियर बारे हेरौं।

यस सामग्रीमा प्रयोग भएका शब्दहरु

公立（こうりつ） …सार्वजनिक…राष्ट्र र प्रान्त, नगर आदि द्वारा निर्मित गरिएको।

私立（しりつ） …निजी… निजी, व्यक्तिद्वारा निर्मित गरिएको।

考査（こうさ）／試験（しけん） … परीक्षा ＊検査（けんさ） को अर्थ "परीक्षण" को लागी पनि प्रयोग गरिन्छ।

入試（にゅうし） …प्रवेस परीक्षा… भर्नाको लागि दिइने परीक्षा।

受検（じゅけん）／受験（じゅけん） …परीक्षा दिने … भर्ना हुनको लागि परीक्षा दिने प्रक्रिया ।

## 2 हाई स्कूलको प्रकार

### (1) सार्वजनिक हाई स्कूल र निजी हाई स्कूल

| सार्वजनिक हाई स्कूल | निजी हाई स्कूल |
|---|---|
| ○ सामान्य कोर्स बाहेक, इन्जिनियरिंग / टेक्नोलोजी • कमर्स • बिस्तृत कोर्स रहेका छन्। ○ निश्चित समय प्रणाली कोर्स र संचार प्रणाली कोर्स पनि छ। | ○ हाई स्कूल अनुसार शैक्षिक नितिहरू फरक हुने गर्दछन्। ○ इन्जिनियरिंग / टेक्नोलोजी विभाग र कमर्स विभाग आदि भएको स्कूल पनि छ। |

### (2) अन्य हाई स्कूलहरू आदि

राष्ट्रिय हाई स्कूल र राष्ट्रिय प्राविधिक स्कूल (कोकुरिचु कोउतोउ सेनमोन गाक्कोउ) छ।
प्राविधिक स्कूल - हाई स्कूल कोर्स अन्तर्गत हाई स्कूल स्नातक प्रमाणपत्र प्राप्त गर्ने स्कूल पनि छन्।

## 3 सार्वजनिक हाई स्कूल बारे

✱2024 प्रवेश परीक्षाबाट ,आवेदनहरू अनलाइन बनाइएको छ।

CHECK
अनलाइन आवेदनहरूको बारेमा पृष्ठ 8 को
「8. अनलाइन आवेदनको बारेमा "जानकारीको दिइएको छ।」

### (1) सामान्य समय प्रणाली कोर्स र निश्चित समय प्रणाली कोर्स

| सामान्य समय प्रणाली कोर्स | निश्चित समय प्रणाली कोर्स |
|---|---|
| ○ बिहान देखि साँझ सम्म अध्ययन गरिन्छ। ○ 3 वर्ष अध्ययन गरिन्छ। | ○ दिवाकालिन निश्चित समय प्रणाली अन्तर्गत दिउँसो 4 घण्टा अध्ययन गरिन्छ। ○ सन्ध्याकालिन निश्चित समय प्रणाली अन्तर्गत साँझ 4 घण्टा अध्ययन गरिन्छ। ○ 4 वर्ष लगाएर अध्ययन गरिन्छ। ○ तपाईंले तीन वर्षमा स्नातक गर्न सक्नुहुने ठाउँहरु पनि छन्। |

यस बाहेक, संचार प्रणाली द्वारा गरिने हाई स्कूल पनि छ।

### (2) विभिन्न विभाग

| | |
|---|---|
| सामान्य कोर्स | मुख्यतया, जापानी भाषा, गणित, अंग्रेजी आदि अध्ययन गरिन्छ। उच्च तहको शिक्षामा जान वा जागिर प्रति लक्षित हुन पनि सकिन्छ। |
| प्राविधिक कोर्स | इन्जिनियरिंग / टेक्नोलोजी विभाग, कमर्स विभाग, कृषि विभाग, गृह अर्थशास्त्र विभाग, कल्याण विभाग आदि छ।<br><br>प्राविधिक ज्ञान र प्रविधिहरू बारे अध्ययन गरिन्छ। |
| बिस्तृत कोर्स | भविष्यको क्यारियर अनुसार पाठ्यक्रम छनोट गरिन्छ। |

निजी हाई स्कूलहरूमा पनि इन्जिनियरिंग / टेक्नोलोजी विभाग, कमर्स विभाग आदि भएको स्कूलहरू पनि छन्।

## (3) सामान्य समय प्रणाली अन्तर्गतकोसार्वजनिक हाई स्कूलको प्रवेश परीक्षाको बारेमा

### ① विदेशी विद्यार्थीको चयन

स्वयम् आफै अथवा अभिभावक विदेशी नागरिकभै जापानमा 6 वर्ष वा सो भन्दा कम बसोबास गरेको अवस्थामा भाग लिन सकिन्छ।

अन्तर्वार्ता र शैक्षिक क्षमता परीक्षा दिनु पर्दछ।

शैक्षिक क्षमता परीक्षा जापानी भाषा, गणित र अंग्रेजीको आधारभूत प्रश्नावलीका साथै यसमा फुरिगाना (हिरागाना) पनि लेखिएको हुन्छ।

निम्न लिखित विद्यालयहरूमा आयोजित हुनेछ।

【सामान्य कोर्स】

| ओवारी स्कूल क्षेत्र | मिखावा गाकु क्षेत्र |
|---|---|
| NAGOYA MINAMI हाई स्कूल | KOROMODAI हाई स्कूल |
| KOMAKI हाई स्कूल | ANJO MINAMI हाई स्कूल |
| HIGASHIURA हाई स्कूल | MITO AOBA हाई स्कूल |

【प्राविधिक कोर्स・बिस्तृत कोर्स】

| | |
|---|---|
| TOYOTA KOKA हाई स्कूल (इन्जिनियरिंग/टेक्नोलोजी कोर्स) | IWAKURA SOGO हाई स्कूल (बिस्तृत कोर्स) |
| TOYOKAWA KOKA हाई स्कूल (इन्जिनियरिंग/टेक्नोलोजी कोर्स) | CHIRYU हाई स्कूल (बिस्तृत कोर्स) |
| NAKAGAWA SEIWA हाई स्कूल (क्यारियर बिजनेस विभाग) | TOYOHASHI NISHI हाई स्कूल (बिस्तृत कोर्स) |

विदेशी विद्यार्थी चयनमा भाग लिन सक्ने वा नसक्ने बारे
आइचिकेन क्योउइकु ईइनखाइ कोउतोउ गाक्कोउ क्योउइकु खा स्योउगाकु ग्रुपमा बुझ्न सकिन्छ।
(☎ 052-954-6786)

### ② सामान्य चयन

सार्वजनिक हाई स्कूल A समूह र B समूह गरी दुई समूहमा विभाजन गरिएको छ।

A समूह र B समूहको हाई स्कूलबाट एउटा-एउटा स्कूल, जम्मा गरी 2 वटा स्कूलका लागि आवेदन दिन सकिन्छ।

जापानी भाषा, सामाजीक शिक्षा, गणित, विज्ञान, अंग्रेजी को मार्कसिट विधिको शैक्षिक क्षमता परीक्षा दिनु पर्दछ।

शैक्षिक क्षमता परीक्षा एक पटक मात्र दिन मिल्छ।

अन्तर्वार्ता लिने विद्यालय पनि हुन्छ।

CHECK

"A समूह / B समूह" को व्याख्या, पृष्ठ 11 को【सामाग्री 1】मा लेखिएको छ।

### ③ सिफारिस चयन

जुनियर हाई स्कूलले सिफारिस गरेका विद्यार्थीहरुले भाग लिन मिल्ने।

अन्तर्वार्ता दिनु पर्दछ।

④ **तोकुस्योकु सेनबाचु**

केही विद्यालयले संचालन गर्ने छन्।

अन्तर्वार्ता दिनु पर्ने। निवन्ध लेखन, आधारभूत शैक्षिक क्षमता परीक्षा र प्रस्तुतीकरण आदि मध्ये कुनै एकमा भाग लिनु पर्ने छ।

⑤ **विदेशबाट जापान फर्केका विद्यार्थीहरूको चयन**

अभिभावक संग 2 वर्ष भन्दा बढी विदेशमा बसेको र फर्केको 2 वर्ष मात्र वा सोभन्दा कम भएको विद्यार्थीले भाग लिन पाउँछन्।

शैक्षिक क्षमता परीक्षा दिनु पर्नेछ। अन्तर्वार्ता पनि हुन्छ।

**(4)** निश्चित समय प्रणाली को सार्वजनिक हाई स्कूलको प्रवेश परीक्षा बारे

शैक्षिक क्षमता परीक्षा अन्तर्गत, जापानी भाषा, गणित र अंग्रेजीको आधारभूत प्रश्नावली हुन्छ। निबन्ध लेखन र अन्तर्वार्ता पनि हुन्छ।

निश्चित समय प्रणाली सार्वजनिक हाई स्कूलको लागि, प्रान्तको जुनै सुकै ठाउँबाट पनि परीक्षा दिन सकिन्छ।

**【सन्ध्याकालिन निश्चित समय प्रणाली】**

| **सामान्य कोर्स** | | |
|---|---|---|
| MEWA हाई स्कूल | NAGOYA NISHI हाई स्कूल | ATSUTA हाई स्कूल |
| KASUGAI हाई स्कूल | INUYAMA हाई स्कूल | KOCHINO हाई स्कूल |
| KOMAKI हाई स्कूल | ICHINOMIYA हाई स्कूल | TSUSHIMA हाई स्कूल |
| YOKOSUKA हाई स्कूल | OBU हाई स्कूल | TOYOTA NISHI हाई स्कूल |
| OKAZAKI हाई स्कूल | HEKINAN हाई स्कूल | ANJO हाई स्कूल |
| ISSHIKiहाई स्कूल | GAMAGORI हाई स्कूल | NAGOYA SHIRITSU CHUO हाई स्कूल |
| TOYOHASHI SHIRITSU TOYOHASHI हाई स्कूल | | |

| **इन्जिनियरिंग / टेक्नोलोजी कोर्स** | **कमर्स कोर्स** |
|---|---|
| JOHOKU TSUBASA हाई स्कूल (बिनिर्माण विभाग) | SETO KOKA हाई स्कूल (विस्तृत बिजनेस बिभाग) |
| NAGOYA KOKA हाई स्कूल (मेकानिकल विभाग) | HANDA SHOGYO हाई स्कूल (विस्तृत बिजनेस बिभाग) |
| TOYOTA KOKA हाई स्कूल | NAGOYA SHIRITSU CHUO हाई स्कूल (कमर्स कोर्स) |
| OKAZAKI KOKA हाई स्कूल (मेकानिकल विभाग) | TOYOHASHI SHIRITSU TOYOHASHI हाई स्कूल (विस्तृत बिजनेस बिभाग) |
| KARIYA HIGASHI हाई स्कूल (मेकानिकल विभाग) | |
| TOYOHASHI KOKA हाई स्कूल (मेकानिकल विभाग) | |
| NAGOYA SHIRITSU KOGYO हाई स्कूल (इन्जिनियरिंग / टेक्नोलोजी प्राविधिक विभाग) | |

**【दिवाकालिन निश्चित समय प्रणाली】**

| **सामान्य कोर्स** | |
|---|---|
| ICHINOMIYA OKOSHI हाई स्कूल | YUTAKANO हाई स्कूल |
| KARIYA HIGASHI हाई स्कूल | MITO AOBA हाई स्कूल |
| SAYA हाई स्कूल | NAGOYA SHIRITSU CHUO हाई स्कूल |
| TAKETOYO हाई स्कूल | TOYOHASHI SHIRITSU TOYOHASHI हाई स्कूल |

| बिस्तृत कोर्स |
|---|
| JOHOKU TSUBASA हाई स्कूल |

## 4 निजी हाई स्कूलको बारे

### (1) निजी हाई स्कूलको विशेषता

निजी हाई स्कूलहरूको हकमा स्कूल अनुसार आफ्नै विशेषताहरू हुन्छन्।

स्कूलको ब्रीफिंग सभा अथवा "आइची निजी स्कूल (वाताकुसिरिचु) प्रदर्शनी" आदि बाट जानकारीहरु संकलन गरौं।

**आइची निजी स्कूल (वाताकुसिरिचु) प्रदर्शनी**

- मिति: 2025 साल 8 महिना 22 गते (शुक्रवार) र 23 गते (शनिवार)
- स्थान: नागोया सिटी लघु और मध्यम उद्यम संवर्धन केंद्र [फुकिएज हॉल] (2-6-3 फुकिएज, चिकुसा-कू, नागोया)

### (2) निजी हाई स्कूलको प्रवेश परीक्षा

सिफारिस प्रवेश परीक्षा र सामान्य प्रवेश परीक्षा हुन्छ।

| सिफारिस प्रवेश परीक्षा | सामान्य प्रवेश परीक्षा |
|---|---|
| O एउटा विद्यालयको लागि मात्र परीक्षा दिन मिल्नेछ।<br>O परीक्षामा उत्तीर्ण भएमा अन्य विद्यालयहरूमा परीक्षा दिनु पर्ने छैन।<br>O शैक्षिक क्षमता परीक्षा र अन्तर्वार्ता दिनु पर्दछ। | O धेरै परीक्षाहरूमा भाग लिन सकिन्छ।<br>O सार्वजनिक हाई स्कूल को लागि पनि परीक्षा दिन सकिन्छ।<br>O 5 वटा विषयको शैक्षिक क्षमता परीक्षा दिनु पर्ने हुन्छ।<br>※ 3 वटा विषय भएको स्कूल पनि छन्।<br>※ अन्तर्वार्ता हुने स्कूल पनि छन्। |

## 5 प्राविधिक स्कूल - हाई स्कूल कोर्सको बारे

### (1) प्राविधिक स्कूल - हाई स्कूल कोर्सको विशेषता

निजी विद्यालय हो।

कामसंग सम्बन्धित सीप र योग्यताको प्रमाणपत्र प्राप्त गर्न सकिन्छ।

हाइ स्कूल स्नातक गरेको प्रमाणपत्र लिन सकिने स्कूलहरु धेरै छन्।

### (2) अध्ययन गर्न सकिने विषय

| | |
|---|---|
| फुकुस्योकु • खासेइ बुन्या | फेसन र कुकिंग बारे अध्ययन गरिन्छ। |
| कोउग्योउ बुन्या | बिजुली र इलेक्ट्रोनिक्स, मशीनरी आदि बारे अध्ययन गरिन्छ। |
| एइसेइ बुन्या | कुकिंग, ब्युटिसियन र कपाल काट्ने बारे अध्ययन गरिन्छ। |
| स्योउग्योउ जिचुमु बुन्या | बिजनेस बारे अध्ययन गरिन्छ। |
| बुन्खा क्योउयोउ बुन्या (डिजाइन) | डिजाइन, कला, संगीत आदि बारे अध्ययन गरिन्छ। |
| फुकुसी बुन्या | कल्याण सेवा र दीर्घकालीन हेरचाह बारे अध्ययन गरिन्छ। |

स्कूलको ब्रीफिंग सभा अथवा"आइची प्राविधिक स्कूल - हाई स्कूल कोर्स प्रदर्शनी" आदि बाट जानकारीहरु संकलन गरौं।

**आइची प्राविधिक स्कूल - हाई स्कूल कोर्स प्रदर्शनी**

मिति: 2025 साल 9 महिना 13 गते (शनिबार)

स्थान: नादिया पार्क (नागोया सी नाका कु सकाए 3-18-1)

**(3) प्राविधिक स्कूल - हाई स्कूल कोर्स**को प्रवेश परीक्षा

परीक्षा दिने विद्यालय अनुसार फरक हुने भएकोले विद्यालयको शिक्षकसँग बुझी राखौं।

## 6 जुनियर हाई स्कूल पछिको क्यारियर मार्गदर्शन

### (1) क्यारियर सूचना सत्र

तेस्रो वर्षका विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूले गेम हल र अन्य ठाउँहरूमा भेला भएर क्यारियर मार्ग दर्शन बारे सुन्ने भेला हो।

क्यारियर बारे कसरी निर्णय गर्ने वा के गर्दा हुन्छ भन्ने बारे छलफल हुन्छ।

स्नातक गरेका विद्यार्थीहरूले कस्तो प्रकारको क्यारियर रोजे भन्ने बारे सुन्न वा बुझ्न सकिन्छ।

### (2) क्यारियर कोर्स इच्छुक सर्वेक्षण

विद्यालयबाट दिइएको सर्वेक्षण फारममा आफु जान इच्छुक विद्यालय बारे लेख्ने।

फारम प्राप्त गरेको केही दिन पछि, पेश गर्न पर्ने समयसीमा हुन्छ।

### (3) व्यक्तिगत छलफल सत्र

विस्तृत रुपमा क्यारियर बारे निर्णय गर्नको लागि, विद्यार्थी, अभिभावक र क्लास टिचर बीच छुट्टा–छुट्टै कुराकानी गरिन्छ।

### (4) पर्चा • पम्प्लेटबाट क्यारियर आदि

विद्यालयबाट क्यारियर बारे जानकारी पत्र, पर्चा आदि प्राप्त गर्न सकिन्छ।

कागजात पेश गर्ने अन्तिम मिति जस्ता महत्त्वपूर्ण जानकारी लेखिएको हुन्छ।

प्रत्येक हाई स्कूलको खुला क्याम्पस र भर्ना परामर्श सत्र आदि बारे जानकारी लेखिएको हुन्छ।

## 7 जुनियर हाई स्कूलको तेस्रो वर्षको प्रवेश परीक्षा सम्मको समय तालिका

### (1) क्यरियार निर्णयको तालिका (उदाहरण)

| महिना | गरिने कार्य |
|---|---|
| 4 महिना | क्यारियर कोर्स ब्रीफिंग, क्यारियर कोर्स इच्छुक सर्वेक्षण |
| 5 महिना | मध्यवर्ती परीक्षा |
| 6 महिना | अन्तिम अवधि परीक्षा, शिक्षा परामर्श |
| 7 महिना | व्यक्तिगत छलफल सत्र |
| 8 महिना | * हाई स्कूलको भर्ना अनुभव, स्कूल ब्रीफिंग सत्रमा भाग लिंदा राम्रो हुन्छ। |
| 9 महिना | क्यारियर कोर्स इच्छुक सर्वेक्षण |
| 10 महिना | मध्यवर्ती परीक्षा |
| 11 महिना | शिक्षा परामर्श, अन्तिम अवधि परीक्षा |
| 12 महिना | व्यक्तिगत छलफल सत्र ※निजी हाई स्कूल परीक्षा परामर्श |
| 1 महिना | व्यक्तिगत छलफल सत्र ※सार्वजनिक हाई स्कूल परीक्षा परामर्श |
| 2 महिना | प्रवेश परीक्षा जनवरीबाट सुरु हुन्छ। |
| 3 महिना | तलको तालिकालाई उदाहरणको रुपमा हेर्न सक्नु हुन्छ। |

* तालिका र कसरी अगाडि बढ्ने स्कूल अनुसार फरक हुन्छ।

### (2) प्रवेश परीक्षा तालिका (आंशिक)

| | निजी हाई स्कूल | सार्वजनिक हाई स्कूल | |
|---|---|---|---|
| | | सामान्य समय प्रणाली कोर्स | निश्चित समय प्रणाली कोर्स |
| 1 महिनाको 14 तारिक (बुधवार) | सिफारिस प्रवेश परीक्षा | | |
| 1 महिनाको 21 तारिक (बुधवार)<br>22 तारिक (बिहिवार)<br>23 गते (शुक्रवार) | सामान्य प्रवेश परीक्षा | | |
| 2 महिनाको 5 गते (बिहिबार) | | विदेशी विद्यार्थीको चयन, सिफारीस चयन, तोकुस्योउसेनबाचु | |
| 2 महिनाको 13 गते (बिहिवार) | | | प्रवेश परीक्षा |
| 2 महिनाको 25 गते (बुधवार) | | सामान्य चयन, प्रवेश परीक्षा | |
| 3 महिनाको मध्यकाल | | (यदि नियमित संख्यामा रिक्त पद भएको अवस्थामा) दोस्रो श्रेणीको चयन, प्रवेश परीक्षा | (यदि नियमित संख्यामा रिक्त स्थान भएको अवस्थामा) दोस्रो श्रेणीको चयन,प्रवेश परीक्षा |

हाई स्कूलको अनुभव, भर्ना र स्कूल ब्रीफिङ सभा मा भाग लिगौं।
ब्रीफिङ सभा मा भाग लिएमा निजी हाई स्कूलहरु बीचको भिन्नता राम्ररी बुझ्न सकिन्छ।
जुनियर हाई स्कूलमा आवेदन दिन, हाई स्कूलको गृहपृष्ठमा सीधै आवेदन दिन सकिन्छ।

निजी स्कूल र प्राविधिक स्कूलहरूले एकै ठाउँमा जम्मा भएर संचालन गर्ने ब्रिफिंग सभा मा भाग लिगौं।
व्यक्तिगत रूपमा परामर्श गर्न सकिने बुथ पनि छ।
पृष्ठ 5 र 6 मा समय तालिका लेखिएको छ।

## 8 अनलाइन आवेदनहरूको बारेमा

आइची प्रिफेक्चरका सार्वजनिक हाई स्कूलहरूमा अनलाइन आबेदनको प्रणाली लागु गरिएको छ जहाँ तपाईंले अनलाइन आवेदन दिन सक्नुहुन्छ।
आफ्नो आवेदन दर्ता जानकारी हरु अनलाइनमार्फत दर्ता गर्नुहोस्। तपाइँको प्रवेश पत्र अनलाइनमार्फत प्राप्त गर्नुहुनेछ, यसलाई प्रिन्ट आउट गर्नुहोस्, र परीक्षाको दिन आफुसँगै ल्याउनुहोस् ।
तपाइँको कम्प्युटर, स्मार्टफोन वा ट्याब्लेटबाट तपाइले यो कार्य गर्न सक्नुहुन्छ।
अनलाइन आवेदन दर्ताको लागि इमेल ठेगाना आवश्यक पर्ने हुदा कृपया तयार गर्नु परेमा पूर्व तयार गर्नुहोस।

सम्पर्क: आइचीकेनक्योइकुइनखाइ कोउतोगक्कोक्योउइकुखा क्यारियर मार्गदर्शन समूह
☎052-954-6786

## 9 शुल्क

| | सार्वजनिक हाई स्कूल | | निजी हाई स्कूल |
|---|---|---|---|
| | सामान्य समय प्रणाली कोर्स | निश्चित समय प्रणाली कोर्स | |
| परीक्षा शुल्क | 2,200 येन | 950 येन | लगभग 13,000 येन |
| प्रवेश शुल्क | 5,650 येन | 2,100 येन | लगभग 200,000 येन |
| शिक्षण शुल्क | 118,800 येन / 1 बर्ष | 32,400 येन / 1 बर्ष | लगभग 500,000 येन / 1 बर्ष |
| भर्नाको समयमा आवश्यक सामाग्री * | लगभग 130,000～180,000 येन | | लगभग 300,000 येन |

＊ **पोशाक, पाठ्य पुस्तक, शैक्षिक भ्रमण आरक्षित कोष, विद्यार्थी सत्र शुल्क, सुविधा बृद्धि शुल्क आदि**

हाई स्कूलमा पढ्नको लागि आवश्यक सहयोग रकम राष्ट्र र प्रान्तबाट प्रदान गरीन्छ तर भर्ना पछि भए पछि मात्र।
भर्ना हुनु अघि आवश्यक रकम तयार गरेर राखौं।

निजी हाई स्कूलको प्रवेश शुल्क बारे

सिफारिस प्रवेश परीक्षामा पास भएमा, विद्यालय प्रवेश शुल्कको सम्पूर्ण रकम, परीक्षा उत्तीर्ण नतिजा घोषणा भएको केहि दिनमा भुक्तानी गर्नुपर्ने छ।
सामान्य प्रवेश परीक्षामा पास भएमा, प्रवेश शुल्कको एक अंश (20,000 येन), परीक्षा उत्तीर्ण नतिजा घोषणा भएको केहि दिनमा भुक्तानी गर्नुपर्ने छ। बाँकी रकम, सार्वजनिक हाई स्कूलको परीक्षा उत्तीर्ण नतिजा घोषणा पछि भुक्तानी गर्नु पर्ने छ।
प्रवेश शुल्क भुक्तानी नगरेमा उत्तीर्ण भए **पनि उत्तीर्ण नतिजा रद्द गरिनेछ!** कृपया ख्याल गरौं।

## 10 छात्रवृति प्रणाली

प्रवेश शुल्क र शिक्षण शुल्क सहयोग गर्ने प्रणालीको व्यवस्था छ। रकम फिर्ता गर्ने र फिर्ता नगरे पनि हुने व्यवस्था रहेको छ।

**(1) फिर्ता नगरे पनि हुने**

परिवारको आम्दानी अनुसार निर्भर गर्दछ, तल देखाइएको जस्तो सहयोग प्रणाली रहेको छ।

| | सार्वजनिक हाई स्कूल | | निजी हाई स्कूल |
|---|---|---|---|
| | सामान्य समय प्रणाली कोर्स | निश्चित समय प्रणाली कोर्स | |
| प्रवेश शुल्क | पूर्ण रकम छूट | पूर्ण रकम छूट | 100,000 येन बाट 200,000 येन सम्म सहयोग |
| शिक्षण शुल्क | पूर्ण रकम सहयोग | पूर्ण रकम सहयोग | मासिक शुल्क 9,900 येन देखि 35,200 येन |

भर्ना भएको हाई स्कूलमा यसको प्रक्रिया गरिन्छ ।

**(2) फर्काउन पर्ने**

① आइची केन फुकुसी खाइगी सेइखाचु फुकुसी किन (क्योउइकु सिएन सिकिन)
महिनाको 35,000 येन सम्म उधारो लिन सकिन्छ (आम्दानीको सीमा तोकिएको छ)।
आफु बस्ने ठाउंको समाज कल्याण परिषद (*फुकुसी खाइगी*) मा आवेदन दिनु पर्ने छ।

② राष्ट्रिय शिक्षा ऋण
हाई स्कूलमा प्रवेश गर्नु अघि राष्ट्रिय शिक्षा ऋण प्रणालीबाट उधारो लिन सकिन्छ।
15 वर्ष भित्र फिर्ता गर्नु पर्ने छ।
विद्यालयमा अध्ययन गरिरहेको बेला फिर्ता गर्नु पर्ने रकम कम गर्न सकिन्छ।
☆सम्पर्क: निहोन सेइसाकु किन्क्यु कोउको क्योउइकु लोन (ऋण) कल सेन्टर
: ☎ 0570-008-656

यस बाहेक, तपाईंको निवास स्थिति र आम्दानी अनुसार अनुदान पाउने प्रणालीहरू पनि छन्।

(सन्दर्भ: नागोया सी र आईचीकेनको वेबसाइट)

https://www.city.nagoya.jp/kyoiku/page/0000051028.html

https://www.pref.aichi.jp/soshiki/kotogakko/0000006059.html

※निजी हाई स्कूलको सहयोग कोष प्रणाली सम्बन्धि विस्तृत जानकारीको लागि आइची केन सिगाकु क्योउखाइको वेबसाइट हेर्नुहोला।

https://www.aichi-shigaku.gr.jp/contents/hojokin.htm

# Ⅱ जुनियर हाई स्कूल पास नभएकाको क्यारियर बारे

## (1) जुनियर हाई स्कूल पास नभएको व्यक्ति

जुनियर हाई स्कूलको स्नातक प्रमाणपत्र प्राप्त गर्नको लागि, निम्न लिखित विधिहरू छन्|

**① रात्री जुनियर हाई स्कूल 2025 साल, निम्न दुई रात्री जुनियर हाई स्कूलहरू आइची प्रिफेक्चरमा खुलेका छन्|**

**●नागोया शहर नागोयाका जुनियर हाई स्कूल**

**●आइची प्रिफेक्चरल तोयोहाशी जुनियर हाई स्कूल**

15 वर्ष वा सोभन्दा माथिका र जुनियर हाई स्कूलबाट स्नातक नगरेका मानिसहरूको लागि आयोजित गरिएको हो। खुलेको छ तोकि[illegible] जुनियर हाइस्कूलको सबै विषयहरू पढाइन्छ। तपाईं जुनियर हाई स्कूलबाट स्नातक हुनुहुन्छ ।
हप्तामा पाँच दिन कक्षा सञ्चालन हुन्छ। ट्यूशन र पाठ्यपुस्तकहरू निःशुल्क छन्|
जानकारी सत्रहरु गर्मी देखि सरद सम्म दुबैको लागी आयोजित गरिएको छ।

**※2026 बाट स्थापना हुने तयारि भइरहेका रात्रिकालीन जुनियर हाई स्कूलहरु (८ महिनामा ब्रिफिङ सत्र छ)**

**प्रिफेक्चरल टोयोटा जुनियर हाई स्कूल, प्रिफेक्चरल कोमाकी जुनियर हाई स्कूल,**
**प्रिफेक्चरल इचिनोमिया जुनियर हाई स्कूल**

**(सोधपुछ) ● नागोया सिटी नागोया जुनियर हाई स्कूल :** ☎ 052-583-1511
**(सोधपुछ) ● आइची केनरिचु तोयोहासी जुनियर हाइस्कूल :**☎ 0532-45-5703
**(सोधपुछ) ● आइची** प्रिफेक्चरल टोयोटा, कोमाकी , इचिनोमिया **जुनियर हाइस्कूल:**
आइची केन क्योइकु इइनखाइ, आइची लर्निङ प्रमोशन एसोसिएसन☎ 052-954-6315

**② जुनियर हाईस्कूल स्कूल उत्तीर्ण प्रमाणीकरण परीक्षा**

जुनियर हाईस्कूल पास गरेको बराबरको शैक्षिक योग्यतालाई मान्यता दिने परीक्षा।
15 बर्ष वा माथिका जुनियर हाई स्कूल पास नगरेकाको लागि लक्षित हो ।
जापानी भाषा • सामाजिक • गणित • विज्ञान • अंग्रेजी गरी 5 वटा विषयको परीक्षा दिनु पर्दछ ।
हिरागाना / काताकानामा पनि लेखिएको प्रस्नावालीमा परीक्षा दिन सक्नुहुन्छ।
5 बिषय सबैमा उतिर्ण भएमा कोउकोउ (उच्च माध्यमिक)को लागि योग्यता प्रमाणपत्र प्राप्त गर्न सकिन्छ।
परीक्षा शुल्क: नि शुल्क हुन्छ । प्रत्येक वर्ष एक पटक 10 **दसौं** महिनामा परीक्षा हुन्छ।
आवेदन फारम, 7 **सातौं** महिना देखि 9 **नवौं** महिनाको पहिलो हप्तामा उपलब्ध हुन्छ।

सम्पर्क:
शिक्षा, संस्कृति, विज्ञान तथा प्रविधि मन्त्रालय, स्योउगाइ गाकुस्यु सुइसिन खा ☎ 03-5253-4111
आइचीकेन क्योउइकु ईइन खाइ गिमु क्योउइकु खा ☎ 052-954-6790

## (2) जापान बाहेकको देशमा जुनियर हाई स्कूल पास भएको व्यक्ति

जापान बाहेकको देशमा 9 वर्ष पढाई सकेको प्रमाण को कागज आवस्यक पर्नेछ।
आइचीकेन क्योइकु इनखाइ कोउतो गाक्को क्योउइकुखा मा प्रमाण को कागज लगेर चेक जाच गरिनेछ।
चेक जाचमा समय लाग्ने भएकोले 12 महिना सम्ममा जानुहोस।

**आइचीकेनक्योइकुइनखाइ कोउतोगक्कोक्योउइकुखा**
नागोया सि नाका कु 3नो मारु3-1-2केनच्योनिसिच्योस्या 9तला
☎052-954-6786 ✉kotogakko@pref.aichi.lg.jp

【सामाग्री 1】

| | सार्वजनिक हाई स्कूलको (पुरै समय) A समूह र B समूह बारे | |
|---|---|---|

सार्वजनिक हाई स्कूलको हकमा, आफु जान चाहेको 2 वटा सम्म (पहिलो प्राथमिकता र दोस्रो प्राथमिकता)को स्कूल छान्न सकिन्छ।
Aसमूह र B समूहमा विभाजित गरिएको छ ।
Aसमूह बाट 1विद्यालय,Bसमूह बाट 1विद्यालय छान्न पाईन्छ।
1 विद्यालय मात्र छाने पनि ठीक छ।

【सामान्य पाठ्यक्रम】
ओवारी विद्यालय जिल्ला र मिकावा स्कूल जिल्ला मा विभाजित गरिएको छ ।
आफू बसेको विद्यालय जिल्ला को विद्यालय मात्र छान्न पाईनेछ ।
ओवारी विद्यालय जिल्ला थप गरेर 1 गुन र 2 गुन मा विभाजित गरिएको छ ।

| सामान्य पाठ्यक्रम | | |
|---|---|---|
| ओवारी विद्यालय जिल्ला | | मिकावा स्कूल जिल्ला |
| ओवारी समूह 1 | ओवारी समूह 2 | |
| A समूह | A समूह | Aसमूह |
| B समूह | B समूह | Bसमूह |

【विशेष पाठ्यक्रम】【व्यापक पाठ्यक्रम】
तपाईं जहाँ बस्नुभए पनि, तपाइले छनौट गर्न सक्नुहुन्छ।

| विशेष पाठ्यक्रम | व्यापक पाठ्यक्रम |
|---|---|
| A समूह | A समूह |
| B समूह | B समूह |



सामान्य पाठ्यक्रम, विशेष पाठ्यक्रम, व्यापक पाठ्यक्रम मिलाएर लिन पनी सकिन्छ ।
मिलाउने तरिका बारे विद्यालयको शिक्षकसँग राम्ररी परामर्श गर्नुहोस्।

【सामाग्री 2】

| | **विगत 5 बर्षको प्रवेश परीक्षाको प्रश्नावली हेर्न सकिन्छ** | |
|---|---|---|

- **आइचिकेन सौउदान / ज्योउहोउ सेन्टर कर्नर**

नागोया सी नाखाकु सान मारु 2－3－2　आइचिकेन ज़िची सेन्टर 2 तल्ला　☎052-954-6164
・चिखातेचु मेइज्योउ लाइन नागोयाजो स्टेशन झरेर 5 नम्बर गेट बाट 3 मिनेट हिंड्ने
・प्रयोग समय , बिहान 9 बजे देखि दिनको 5 :15बजे सम्म
・बिदा शनिबार , आइतबार , सार्बजनिक बिदाको दिन

**तलको वेबसाइटमा पनि हेर्न सकिन्छ।**
https://www.pref.aichi.jp/soshiki/kotogakko/0000027366.html

↑2025

## स्कूल बारे जानकारी

| | |
|---|---|
| स्कूलको नाम | **आइची केनरिचु नाखागावा सेइवा कोउतोउ गाक्कोउ**<br>* रेइवा 5 औं वर्षबाट "नाखागावा स्योउग्योउ" बाट नाम परिवर्तन |
| ठेगाना | 〒454-0912 नागोया सी नाखागावा कु नोदा 3 च्योउमे 280 बानच्योउ / Tel：052-361-7457 |
| नजिकको स्टेशन | हात्ता स्टेशन (चिखातेचु हिगसियामा लाइन・JR खान्साई लाइन・किन्तेचु) बाट साइकल 5 मिनेट |
| विशेषता<br>(समय तालिका, विषय, स्कूल कार्यक्रम, स्कूल पछिको क्यारियर आदि) | ○विशेषता: ○समय तालिका: ○विषय:<br>कक्षामा, झण्डै दुई तिहाइ कक्षा सामान्य नियमित विषय, एक तिहाइ कमर्ससँग सम्बन्धित विशेष विषयहरू अध्ययन गरिन्छ। पहिलो वर्षमा, बहीखाता,ज्योउहोउ स्योरी (इन्फोर्मेशन प्रोसेसिंग) जस्ता कमर्स विषयहरू अध्ययन गरिन्छ। दोस्रो वर्ष देखि विद्यार्थीहरूको आफ्नो रुचिलाइ पनि ध्यानमा राखी मुख्यतया कमर्सका विषयहरू छनोट गरि विशेष अध्ययन गरिन्छ। थप रूपमा, विदेशी विद्यार्थी चयनको हकमा, वैकल्पिक पाठ्यक्रमको रूपमा प्रत्येक ग्रेडमा "जापानी भाषा" (हप्ताको 2 घण्टा) कक्षा संचालन गरिन्छ।<br>○स्कूल कार्यक्रम:<br>बल खेल प्रतियोगिता, विद्यालय महोत्सब, खेल महोत्सब, विद्यालय भ्रमण, विद्यालय छोटो भ्रमण, कला प्रशंसा कार्यक्रम रहेका छन्।<br>○अतिरिक्त क्रियाकलाप:<br>क्लब गतिविधिहरूमा एथलेटिक क्लब र स्योउग्योउ कोउकोउ (कमर्स हाई स्कूल)को विशेषताहरुलाइ उपयोग गरेको सांस्कृतिक क्लब छ। मुख्यतय, भलिबल विभाग(केटी) को क्लबले प्रान्तको लेबलको प्रतियोगितामा भाग लिने आदि, सक्रिय छ।<br>○स्कूल पछिको क्यारियर:<br>रोजगारीमा करीव 55%, थप अध्ययन लगभग 45% (विश्वविद्यालय, छोटो अवधि विश्वविद्यालय, प्राविधिक कलेज) |
| वार्षिक पाठय शुल्क (अनुमानित) | वार्षिक शुल्क 118,800 येन (मासिक शुल्क 9,900 येन)<br>* परिवारको आयको आधारमाम अनुदान प्रदान गरिनेछ। |
| पाठय शुल्क बाहेक अन्य वार्षिक खर्च | योजना (रेवा 7 सालको सन्दर्भ)<br>पहिलो वर्ष: 200,000 येन [स्कूल वर्दी, विद्यालय प्रयोग सामाग्री, पूरक शिक्षण सामग्री शुल्क, स्कूल भ्रमण आरक्षित कोष आदि।]<br>* यहाँ स्कुल ड्रेस नभएकोले प्रत्येक विद्यार्थीले आफै सूट तयार गर्नुपर्ने हुन्छ।<br>दोस्रो वर्ष: 80,000 येन, तेस्रो वर्ष: लगभग 6,5000 येन |
| विदेशी विद्यार्थी संख्या・मुख्य राष्ट्र | 70 जना (पहिले वर्ष 34जना, दोस्रो वर्ष 18 जना, तेस्रो वर्ष 18 जना )<br>・फिलिपिन्स, चीन, पाकिस्तान, नेपाल |
| टिप्पणी | |

| | |
|---|---|
| स्कूलको नाम | **गाक्कोउ होउजीन देन्पा गाकुएन, नागोया कोउगाकुइन सेन्मोन गाक्कोउ (प्राविधिक हाई स्कूल) कोउतोउ खातेइ [हाई स्कूल कोर्स]** |
| ठेगाना | 〒456-0034 नागोया सी अचुता कु तेन्मा 2 च्योउमे 24-14 / Tel：052-682-7871 |
| नजिकको स्टेशन | ◇चिखातेचु मेइज्यो लाइन आचुता जिन्गु तेनमा चोउ स्टेशन झरेर 3 नम्बर गेट बाट निस्केर दक्षिणपूर्व तिर 5 मिनेट हिड्ने<br>◇मेइतेचु नागोया लाइन ज़िन्गुमाए स्टेशन झरेर दक्षिण 15 हिड्ने<br>◇मेइतेचु तोकोनामे लाइन तोयोता होन माचि स्टेशन झरेर 5 मिनेट हिड्ने<br>◇JR तोउखाइदोउ होन्सेन आचुता स्टेशन झरेर, दक्षिण 20 मिनेट (स्कूल बस उपलब्ध) |
| विशेषता<br>(समय तालिका, विषय, स्कूल कार्यक्रम, स्कूल पछिको क्यारियर आदि) | ○विशेषताहरु：<br>・आधारभूत कुरालाई ध्यानमा राखेर पाठहरू अगाडी बढाउने गरिएको हुनाले, अध्ययनमा चिन्ता भएका व्यक्तिहरू पनिपढाईमा ध्यान् दिनसक्ने हुनेछ। [बुझ्न सक्ने], [सक्षम हुने] र [आत्मा विश्वास बोक्नें] बनाउन सक्ने यस स्कूलको प्रमुख सिधान्त रहेको छ।<br>・[सामान्य कोर्स] र [इलेक्ट्रिकल कोर्स] दुइ प्रकारका रहेका छन्।<br>・विभिन्न योग्यता र प्रमाणपत्रहरू प्राप्त गर्न सकिन्छ।<br>・यस विद्यालयबाट उत्तीर्ण गरे संगसंगै, हाई स्कूल (नागोया ताचिबाना हाई स्कूल) को स्नातक प्रमाण पत्र पनि प्राप्त गर्न सकिन्छ।<br>○ समय तालिका：एक दिन 6 घन्टी (1 घन्टी 50 मिनेट 9:00～15:35) एक हप्ता 5 दिन<br>○ विषय：<br>・सामान्य कोर्स … सामान्य कोर्सका विषयहरू (जापानी भाषा, गणित, अंग्रेजी, आदि)। सोउग्योउ ज्योउहोउ कोर्स (बिस्तृत इन्फोर्मेशन कोर्स) मा, कम्प्युटरसंग सम्बन्धित विशेष विषय अधिक मात्रामा अध्ययन गर्न पर्ने छ।<br>・इलेक्ट्रिकल कोर्स … सामान्य विषय, इलेक्ट्रिक, मेशिन संग सम्बन्धित विशेष विषय लगभग आधाको अनुपातमा छ।<br>○अतिरिक्त क्रियाकलाप：शारीरिक शिक्षा क्लब 11, सांस्कृतिक क्लब 6<br>＊ बक्सिंग क्लब, हरेक वर्ष राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिने प्रान्तको एक बलियो स्कूल बनेको छ ।<br>＊ कम्प्युटर इलेक्ट्रोनिक क्लबले e स्पोर्ट्स हाई स्कूल स्तर प्रतियोगितामा भाग लिइरहेको छ।<br>○ स्कूल पछिको क्यारियर：<br>・थप अध्ययन : करीव 75% (विश्वविद्यालय, प्राविधिक कलेज आदि)<br>・रोजगार: करीव 25% (सबै आवेदकहरू अनौपचारिक रुपमा स्वीकृति प्राप्त) |
| वार्षिक पाठय शुल्क<br>(अनुमानित) | 456,000 सर्कल |
| पाठय शुल्क बाहेक अन्य वार्षिक खर्च | ○भर्ना भुक्तानी शुल्क : सामान्य कोर्स 382,620येन, इलेक्ट्रिकल कोर्स 387,700 येन।<br>(भर्ना शुल्क, शिक्षा वृद्धि शुल्क, सञ्चार प्रणाली प्रवेश शुल्क, स्कूल वर्दी, खेलकुद उपकरण शुल्क, पाठ्य पुस्तक र शिक्षण सामग्री शुल्क आदि)<br>○ अन्य शुल्क: 136,600 येन (शैक्षिक भ्रमण आरक्षित कोष, विद्यार्थी सत्र शुल्क, शैक्षिक गतिविधि शुल्क, सञ्चार प्रणाली शिक्षा रकम: प्रान्तको कटौती प्रणाली उपलब्ध) |
| विदेशी विद्यार्थी संख्या ・ मुख्य राष्ट्र | 41 जना (पहिलो बर्ष15 जना, दोस्रो बर्ष 12 जना, तेस्रो बर्ष 14 जना)<br>चीन, फिलिपिन, ब्राजील, पेरू, नेपाल, भियतनाम, पाकिस्तान, मंगोलिया |
| टिप्पणी | ・प्रवेश अनुभब (8 महिना 24 गते )<br>・स्कूल भ्रमण ब्रीफिंग सत्र (पहिलो पटक 10 महिनाको 12 गते , त्यसपछि 5 पटक संचालन गरिने ) |

| | |
|---|---|
| स्कूलको नाम | **नागोया ज्योउहोउ सेनमोन गाक्कोउ कोउतोउ खातेइ ज्योउहोउ स्योउरी खा** |
| ठेगाना | 〒458-0924 नागोया सी मिदोरी-कु आरिमाचु-921 / Tel: 052-624-5658 |
| नजिकको स्टेशन | मेइतेचु नागोया होन सेन आरिमाचु झरेर 3 मिनेट हिड्ने |
| विशेषता<br>(समय तालिका, विषय, स्कूल कार्यक्रम, स्कूल पछिको क्यारियर आदि) | ○ विशेषताहरु: ढुक्क भएर विद्यालय आउन सक्ने यस विद्यालयको मूल उदेश्य हो<br>① इमानदार र दयालु विद्यार्थीहरू धेरै छन्<br>② बिस्तारै अध्ययन गर्ने तरिकाले ठूलो आत्मविश्वास ल्याउछ<br>③ आइची सांग्यो विश्वविद्यालय मिकावा हाई स्कूलबाट स्नातक योग्यता प्रमाणपत्र<br>○ समय तालिका: दिनको 6 घण्टा * 8:45 सम्म विद्यालय आउनु पर्ने<br>(पहिलो कक्षा:50 मिनेट 8:50 देखि 15:30)<br>○ विषय: सामान्य विषयका कोर्स (जापानी भाषा, गणित, अंग्रेजी, शारीरिक शिक्षा आदि) र इन्फर्मेशन प्रशोधन, वर्ड प्रोसेसर, व्यावसाय सम्बन्धि विशेष विषयहरूको कक्षा।<br>त्यस बाहेक, अंग्रेजी कुराकानी र चिनियाँ कुराकानीका कक्षाहरू पनि छन्।<br>○ परीक्षा / योग्यता प्रमाणपत्रः सबै वाणिज्य जानकारी प्रशोधन परीक्षण, सबै वाणिज्य बिजनेस कागजातहरू व्यावहारिक परीक्षा, व्यावहारिक अंग्रेजी प्रवीणता परीक्षा, जापानी भाषा कान्जी प्रवीणता परीक्षण, खतरनाक सामान ह्यान्डलर परीक्षा, नर्सिङ केयर स्टाफ प्रारम्भिक प्रशिक्षण आदि<br>○ स्कूल कार्यक्रम: खेलकुद महोत्सव, संगीत नाटक, विद्यालय भ्रमण, विद्यालय महोत्सव खेलकुद प्रतियोगिता आदि।<br>○ अतिरिक्त क्रियाकलाप : बेसबल, रिकुज्यो(दौडने , उफ्रिने शारीरिक अभ्यास), फुटबल, टेबल टेनिस, भलिबल, कम्प्युटर<br>○ क्लबः बास्केटबल, ब्याडमिन्टन, रेलमार्ग, कार्टुन、TCG (कार्ड खेल)<br>○ रेइवा 6 वर्षको स्नातकहरूको क्यारियर<br>थप अध्ययनः उही विद्यालयको विशेष कोर्स (सबै विद्यार्थीहरूको 75 %) विश्वविद्यालय र प्राविधिक विद्यालय (सबैभन्दा ठूलो ज्ञानीको 25%)<br>रोजगारीः करिब 60 जना (आइची प्रान्त भित्र र बाहिर रहेको उत्पादन, बिक्री, यातायात संग सम्बन्धित कम्पनी, खाइगो (हेरचाह) को काम, व्यावसायिक तालिम विद्यालय आदि) |
| वार्षिक पाठय शुल्क<br>(अनुमानित) | 408,000 येन [102,000 येन x 4 अवधि (4 महिना・6 महिना・9 महिना・12 महिना)]2025 को रकम2026को लागि तय गरिएको छैन।<br>※ तपाईको आम्दानी परिस्थितिको आधारमा राष्ट्रिय ट्युसन समर्थन कोष प्रणाली र आइची प्रिफेक्चर ट्यूशन शुल्क कटौती प्रणाली अन्तर्गत अनुदान (पूर्ण रकम सम्म) छ।<br>* गत वर्ष, 89 % आवेदकह विद्यार्थीहरुले शिक्षण शुल्क सहयोग प्राप्त गरेका थिए । |
| पाठय शुल्क बाहेक अन्य वार्षिक खर्च | ○ प्रवेशको समयमा भुक्तानी शुल्क 256,700 येन (प्रवेश शुल्क, नयाँ विद्यार्थी अनुसन्धान शिविर शुल्क, शिक्षण सामग्री पुस्तक शुल्क, विपत्ति सहयोग प्रिमियम, संचार प्रणाली प्रवेश शुल्क)<br>※ परिवारको आयको आधारमा अधिकतम 169,000 येन फिर्ता गरिनेछ।<br>○ युनिफर्म शुल्क, खेलकुद कपडा शुल्क, प्रवेश सामग्री शुल्क, लगभग 82,000 येन (ठेकेदारलाई भुक्तान गर्नु पर्ने)<br>○ अन्य भुक्तानी शुल्क 61,000 येन / वर्ष (शैक्षिक आरक्षित कोष, विद्यार्थी सदस्यता शुल्क)<br>○ संचार प्रणाली शिक्षा 51,600 येन/ वर्ष<br>※ परिवारको आम्दानी परिस्थितिको आधारमा अधिकतम 51,600 येन अनुदान प्रदान गरिनेछ। |
| विदेशी विद्यार्थी संख्या ・ मुख्य राष्ट्र | 34 ब्राजिल, चीन, पेरु, फिलिपिन्स, नेपाल, भियतनाम, पाकिस्तान, इन्डोनेसिया, बंगलादेश |
| टिप्पणी | प्रत्येक विद्यार्थीलाई नजिकबाट मार्गदर्शन प्रदान गर्दछौं।<br>प्रवेश अनुभव 7/20 (आइतवार),7/26 (शनिवार), 8/2 (शनिवार), 8/24(आइतवार)<br>स्कूल भ्रमण सत्र 10/18 (शनिवार), 10/26 (आइतवार), 11/1 (शनिवार), 11/9 (आइतवार), 11/16 (आइतवार), 11/22 (शनिबार), 11/29 (शनिवार), 12/6 (शनिवार) |

| | |
|---|---|
| स्कूलको नाम | **आइचीकेनरिचु ज्योउहोकु चुबासा कोउतोउ गाक्कोउ**<br>**(अंशकालिक पाठ्यक्रम  दिनको समयमा एकीकृत पाठ्यक्रम)** |
| ठेगाना | 〒462-0052 ननागोया सी किताकु फुकुतोकुचोउ हिरोसेसिमा 5-102बान्ची /Tel：052-911-4421 |
| नजिकको स्टेशन | 「ज्यौहोकु चुबासा कोउकोउ」 (नागोया सी बस)・ 「स्योउनाइदोरि」 (अन्डर ग्राउन्द चुरुमाइ लाइन हिडेर 17 मिनेट) |
| विशेषता<br>(समय तालिका, विषय, स्कूल कार्यक्रम, स्कूल पछिको क्यारियर आदि) | ○ विशेषताहरु： बिभिन्न ऐच्छिक(छनोट ) बिषयहरुबाट हजुरहरुले आफ्नो भविष्यको आकांक्षा साथै रुचिभएका बिषयहरु मात्रै रोजेर अध्ययन गर्न सक्नहुन्छ।<br>○ समय तालिका： ST 8 : 40<br>पहिलो कक्षा 8 : 55 ～ 9 : 40 दोस्रो कक्षा 9 : 50 ～ 10 : 35<br>तेस्रो कक्षा 10 : 45 ～ 11 : 30 चौथो कक्षा 11 : 40 ～ 12 : 25<br>※ तीन वर्षमा पास / उत्तीर्ण हुन चाहनुहुन्छ भने दिँउसो वैकल्पिक कक्षाहरु पनि उपलब्ध छन्।<br>छ औ कक्षाको अन्त्य चाहिँ 15 : 10<br>○ सामान्य विभाग श्रृंखला： शैक्षिक सोधपुछ, स्वास्थ्य र कल्याण, सूचना उपयोग, पारिवारिक जीवन, कला सिर्जना, (पहिलो वर्षमा चयन गरिएको)<br>○ स्कूल कार्यक्रम : भ्रमण, विद्यालय भ्रमण , खेलकुद महोत्सव, सांस्कृतिक महोत्सव , कला प्रशंसा प्रतियोगिता<br>○ अतिरिक्त क्रियाकलाप : बेसबल, फुटबल, नृत्य, एथलेटिक्स, ब्याडमिन्टन, रचनात्मकता, संगीत, बागवानी जीव, गो शोगी, LOL (पूर्व e sport), ऐतिहासिक अनुसन्धान, विज्ञान<br>○स्कूल पछिको क्यारियर：<br>4 बर्षे विश्वविद्यालय / जुनियर कलेजहरू 29% प्राविधिक कलेज 18%<br>रोजगारी 33% अन्य 18%<br>( रेइवा 6 सालको स्नातक डाटाबाट) |
| वार्षिक पाठय शुल्क (अनुमानित) | 32,800 येन (परिवारको आयको आधारमाम अनुदान प्रदान गरिनेछ।) |
| पाठय शुल्क बाहेक अन्य वार्षिक खर्च | लगभग 80,000 येन (पहिलो वर्ष। दोस्रो वर्षदेखि, थौरै सस्तो हुनेछ।)<br>भर्नाको समय अप्रिल भुक्तानी 60,000 येन<br>बिद्यालय पोशाक , जिम कपडा, आदि लगभग 100,000 येन<br>विद्यालय भ्रमण आरक्षित कोष 66,000 येन |
| विदेशी विद्यार्थी संख्या ・ मुख्य राष्ट्र | लगभग 100 जना जति : नेपाल ,फिलिपिन ,चीन ,ल्याटिन अमेरिका, मध्य पूर्व, अफ्रिका, दक्षिणपूर्वी एशिया |
| टिप्पणी | मुख्यतया जापानी भाषा कक्षाहरूमा, जापानी भाषा क्षमता अनुसार कक्षाहरू प्रवीणता स्तर अनुसार विभाजित गरिएको छ। |

| | |
|---|---|
| स्कूलको नाम | **नागोया सी रीचु कोउग्योउ कोउतोउ गाक्कों अंशकालिक पाठ्यक्रम (सन्ध्याकालीन) औद्योगिक प्रविधि विभाग** |
| ठेगाना | 〒454-0851 नागोया सी नाखागावा कु-किता एच्योउ 3-13 / Tel：052-361-3116 |
| नजिकको स्टेशन | आओनामी लाइन नाकाजिमा स्टेशन झरेर 5 मिनेट,<br>नगर बस शिरीचु कोउग्योउ कोउकोउ झरेर 5 मिनेट |
| विशेषता<br>(समय तालिका, विषय, स्कूल कार्यक्रम, स्कूल पछिको क्यारियर आदि) | ○ विशेषता: सन्ध्याकालीन कक्षामा अध्ययन गरि, 4 वर्ष लगाई आफ्नै गतिमा अध्ययन गर्न सकिन्छ। इच्छुकहरले 3 वर्षमा पनि उत्तीर्ण गर्न पनि सक्ने छन्।<br>○ समय तालिका: खाजा समय17:10～17:35 पहिलो कक्षा 17:40～18:25<br>दोस्रो कक्षा 18:25～19:10 विश्राम समय 19:10～19:15<br>तेस्रो कक्षा 19:15～20:00 चौथो कक्षा 20:00～20:45<br>○ विषय : पहिलो वर्ष र दोस्रो वर्ष, सामान्य कोर्सको साथमा कोउग्योउ (इन्जिनियरिंग・टेक्नोलोजी) संग सम्बन्धित आधारभूत विषयहरु (आधारभूत इन्जिनियरिंग・टेक्नोलोजी, आधारभूत इन्फोर्मेशन टेक्नोलोजी गणित विज्ञान, उत्पादन प्रविधि कोर्स अध्ययन गरिन्छ)।<br>तेस्रो वर्षमा, [मेकानिकल कोर्स] र [कम्प्युटर कोर्स] मा विभाजित गरेर थप विशेष ज्ञान र कौशल अभ्यास गर्ने गरिएको छ। ग्यास योउसेचु दोस्रो श्रेणीको इलेक्ट्रीशियन गिनोउस्या(ग्यास वेल्डिङ प्राविधिक),किकेंबुचु तोरिआचुखाइस्या (खतरनाक सामग्री ह्यान्डलर),खेइसान गिज्युचु केन्तेइ (हिसाब सीप परीक्षा),ज्योउहोउ गिज़िचु केन्तेइ (सूचना प्रबिधि परीक्षा) आदिको प्रमाणपत्रको लागि कोसिस गर्न सकिन्छ।<br>○ स्कूल कार्यक्रम: सी कोउ De नाइट (खेलकुद, eखेलकुद, बोर्ड खेल आदि),<br>एननिची De नाइट (सांस्कृतिक महोत्सब), व्यायाम De नाइट (खेलकुद महोत्सव)<br>विद्यालय भ्रमण (4 वर्ष), संयुक्त प्रशंसा कार्यक्रम, उपनगरीय सिनेमा、विदाई कार्यक्रम आदि।<br>○ अतिरिक्त क्रियाकलाप: 20:50～22:00<br>मैदान खेलकुद क्लब (ट्र्याक र फिल्ड, बेसबल, फुटबल, आदि) जिमखाना प्रतियोगिता क्लब (ब्याडमिन्टन, वास्केटबल आदि)<br>रोबोट क्लब, स्कूल क्लब पछि (भलिबल, बास्केटबल, योग्यता अधिग्रहण, प्लास्टिक मोडेल निर्माण, संगीत प्रदर्शन, हस्तकला, खेल, आदि) योग्यता प्राप्ति विभाग सक्रिय।<br>○ रेइवा 6 वर्षको उत्तीर्ण बिद्यार्थीहरूको क्यारियर<br>2 जना चार वर्षे विश्व विद्यालय, 16 जना रोजगारी प्राप्त |
| वार्षिक पाठय शुल्क (अनुमानित) | 32,400 येन (परिवारको आयको आधारमाम अनुदान प्रदान गरिनेछ।) |
| पाठय शुल्क बाहेक अन्य वार्षिक खर्च | लगभग 80,000 येन (साँझको खाजा शुल्क, विद्यालय भ्रमण आरक्षित कोष, विद्यार्थी सदस्यता शुल्क आदि)।<br>भर्नाको समयमा, अप्रिलको भुक्तानी सहित, लगभग 55,000 येन (गेम युनिफर्म, गेम हल जुत्ता, प्रशिक्षण लुगा, पाठ्यपुस्तक, क्यालकुलेटर आदिको लागी लाग्ने लागत)आवश्यक पर्दछ। |
| विदेशी विद्यार्थी संख्या ・ मुख्य राष्ट्र | 11 जना・ फिलिपिन, ब्राजिल, नेपाल, पाकिस्तान |
| टिप्पणी | पहिलो वर्षका विद्यार्थीहरू, जापानी भाषा, गणित र अंग्रेजी विषय सानो समूहमा बिभाजन गरी अध्ययन गराइन्छ। साथै, जापानी, गणित र अङ्ग्रेजीका लागि हामीले थोरै अध्ययनमा कमजोर विद्यार्थीहरूलाई वर्षको सुरुमा आधारभूत शैक्षिक योग्यता मार्गदर्शन प्रदान गर्दछौं। |

| | |
|---|---|
| स्कूलको नाम | **नागोया सी रीचु च्युओउ कोउतोउ गाक्कोउ अंशकालिक पाठ्यक्रम (सन्ध्याकालिन) फुचु खा [सामान्य कोर्स]・स्योउग्योउ खा [कमर्स कोर्स]** |
| ठेगाना | 〒460－0007 नागोया-शि, नाका-कु, सिनसाकाए 3 च्योउमे 15-45 / Tel：052-241-6538 |
| नजिकको स्टेशन | चिखा तेचु हिगाशीयामा लाइन चिकुसा स्टेशन झरेर 5 नम्बर गेट बाट बाहिर निस्केर 8 मिनेट / जेआर चिकुसा स्टेशनमा झरेर 8 मिनेट / नगर बसमा शिनसाकाए 3 च्योउमे मा झरेर 3 मिनेट |
| विशेषता<br>(समय तालिका, विषय, स्कूल कार्यक्रम गतिविधि, स्कूल पछिको क्यारियर आदि) | ○ विशेषता： सन्ध्याकालीन कक्षामा अध्ययन गरि हाई स्कूल स्नातक गर्ने लक्ष्य लिन सकिने। 4 वर्ष लगाई आफ्नै गतिमा अध्ययन गर्न सकिन्छ। (3 वर्षमा स्नातक गर्ने तरिका पनि छ) ।<br>○ समय तालिका： खाजा समय 17:10-17:35 पहिलो कक्षा 17:40-18:25<br>दोस्रो कक्षा 18:25-19:10 विश्राम समय 19:10-19:15<br>तेस्रो कक्षा 19:15-20:00 चौथो कक्षा 20:00-20:45<br>○ विषय： पहिलो वर्षका विद्यार्थीले सामान्य कोर्स र कमर्स कोर्स संगै अध्ययन गर्छन।<br>दोस्रो वर्षका विद्यार्थीहरूलाई सामान्य कोर्स र कमर्स कोर्समा विभाजित गरिन्छ। साधारण विषयमा सामान्य विषय अध्ययन गरिन्छ। कमर्स कोर्समा बहीखाता (बुक किपिंग), लेखा, ज्योउहोउ स्योरी (इन्फोर्मेशन प्रोसेसिंग), कार्य अनुसन्धान आदि प्रमुख विषयहरू अध्ययन गरिन्छ।<br>सामान्य कोर्समा पनि, पहिलो वर्ष र चौथो वर्षमा कमर्स विषय अध्ययन गर्न सकिन्छ।<br>कमर्स कोर्समा विभिन्न स्योउग्योउ केन्तेइ (कमर्स परीक्षा) र ज्योउहोउ स्योउरि केन्तेइ (इन्फोर्मेशन प्रोसेसिंग परीक्षा) का लागि पनि कोसिस गर्न सकिन्छ।<br>सामान्य कोर्समा पनि वर्ड प्रोसेसर केन्तेइ (परीक्षा) आदिका लागि कोसिस गर्न सकिन्छ।<br>○ स्कूल कार्यक्रम： क्युगी (बल)टूर्नामेन्ट・शारीरिक शिक्षा महोत्सव・संस्कृति क्लब प्रस्तुती・सांस्कृतिक महोत्सव・ शैक्षिक भ्रमण (चौथो वर्ष) आदि<br>○ अतिरिक्त क्रियाकलाप ：20:45～21:30（नियमित अभ्यास）<br>・ शारीरिक व्यायाम समूह → ब्याडमिन्टन, बास्केटबल, भलिबल, टेबल टेनिस<br>・ सांस्कृतिक समूह → थिएटर, स्या दोउ (चिया बनाउन सिक्ने कार्यक्रम), स्योदोउ (अक्षर लेख्न सिक्ने कर्यक्रम), फोटोग्राफी, संगीत, बिजनेस ब्यापार , मांगा (कमिक्स) सांस्कृतिक अध्ययन<br>○ स्नातक गरे पछिको क्यारियर：<br>विश्वविद्यालय/जुनियर कलेज（1 जना）, प्राविधिक कलेज आदिमा（2 जना）, रोजगारमा संग्लन（16 जना） |
| वार्षिक पाठय शुल्क (अनुमानित) | 32,400 येन （परिवारको आयको आधारमाम अनुदान प्रदान गरिनेछ।） |
| पाठय शुल्क बाहेक अन्य वार्षिक खर्च | 84,000 येन （साँझको खाना शुल्क, शैक्षिक भ्रमण आरक्षित कोष, विद्यार्थी सत्र शुल्क）<br>＋7,100 येन （खेलकूद लुगा, जुत्ता）<br>* भर्ना अघि अप्रिलको भुक्तानी सहित 30,000 येन आवश्यक पर्दछ। |
| विदेशी विद्यार्थी संख्या ・ मुख्य राष्ट्र | 89 जना: फिलिपिन (34), नेपाल (40), चीन (4) आदि। |
| टिप्पणी | पहिलो वर्षका विद्यार्थीको लागी आधारभूत शैक्षिक क्षमता गाइड (जापनी भाषा・गणित・अंग्रेजी ) कक्षा पछि, वर्षमा 45 पटक जति संचालन गरिन्छ। विदेशी विद्यार्थीलाइ छुट्टै कक्षामा राखेर जापानी भाषा कक्षा संचालन गरिन्छ। यधपी, दैनिक कुराकानी र हिरागाना नजानेमा अध्ययन गर्न निकै गार्हो हुने हुन्छ। |

# विदेशी विद्यार्थी बालबालीकाको निम्ति शिक्षा

नागोया अन्तर्राष्ट्रिय केन्द्रमा, सम्बन्धित संस्थाहरू या समुहहरुसंगको निकट सहकार्यमा, जापानमा बसोबास गर्नुहुने विदेशी विद्यार्थी बालबालिको लागि शिक्षा संग सम्बन्धित समस्या・बिध्यालय जीवनसंग सम्बन्धित परामर्शहरु नि:शुल्क रुपमा संचालन गरिन्छ । कृपया प्रयोग गर्नु होला।

**परामर्श दिन** : प्रतेक हप्ताको बुधबार・शुक्रबार・आइतबार
(बिहान 10 बजे देखि साझ 5 बजे सम्म)

**लागत** : नि शुल्क

**स्थान** : नागोया अन्तर्राष्ट्रिय केन्द्र, 3 तल्ला जानकारी काउन्टर

**परामर्शको बिधि** : कार्यालय परामर्श (बूकिङ आवश्यक), टेलिफोन परामर्श, ईमेल परामर्श, **Teams**
यद्यपी, टेलिफोन तथा ई-मेलबाट पर्याप्त परामर्श या जानकारी प्रदान गर्न नसक्ने सम्भावना रहेको हुनाले कृपया ध्यान दिनु होला।

**सम्पर्क टेलिफोन नं** : **052-581-0100** (बूकिङ या टेलिफोनबाट परामर्शको लागी)

**ई-मेल** : **info@nic-nagoya.or.jp**

परामर्श जापानीज भाषामा हुनेछ, यदि तपाईलाई अनुबादक चाहिएमा सम्पर्क गर्न सक्नुहुनेछ ।

＜अनुबादक उपलब्धहुने समय＞

नेपाली भाषा: हरेक बुधवार, शनिवार, आइतवार (दिउँसो 13:00देखि 17:00बजे सम्म)

【作成 / Produced by】
公益財団法人名古屋国際センター
Nagoya International Center
All rights reserved
TEL ０５２－５８１－０１００
FAX ０５２－５７１－４６７３

※本資料の内容の一部または全部を無断で引用・転載することはご遠慮ください。

This material may not be published, rewritten, or redistributed in whole or part without the express written permission of the Nagoya International Center.